आज मिति २०८२ पौष ७ गतेका दिन बिहान ११:०० बजे पञ्चपुरी नगरपालिकाका नगर नगर प्रमुख श्री लालबीर भण्डारी ज्यूको अध्यक्षतामा आ.ब.२०८२/०८३ को कार्यपालिकाको आठौ बैठक तपसिल बमोजिमको उपस्थितिमा बसी तपसिल बमोजिमको निर्णय गरियो।

बैठक संख्याः- ०८

स्थानः- पञ्चपुरी नगरपालिका कार्यपालिकाको बैठक कक्ष

बैठक प्रारम्भः- बिहान ११:०० बजे

बैठकको अन्त्यः- साँझ ५:३० बजे

उपस्थितिः-

| क.सं. | नामथर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री लालवीर भण्डारी | नगर प्रमुख | |
| २ | श्री मुक्तिदेवी रेग्मी पुरी | उप प्रमुख | |
| ३ | श्री कर्ण बहादुर थापा मगर | वडा अध्यक्ष वडा नं. १ | |
| ४ | श्री याम बहादुर बि.सी. | वडा अध्यक्ष वडा नं. २ | |
| ५ | श्री बलबहादुर रोकाय | वडा अध्यक्ष वडा नं. ३ | |
| ६ | श्री राम प्रसाद अधिकारी | वडा अध्यक्ष वडा नं. ४ | |
| ७ | श्री नगेन्द्र बहादुर शाही | वडा अध्यक्ष वडा नं. ५ | |
| ८ | श्री कर्ण बहादुर तारामी | का.वा. वडा अध्यक्ष वडा नं. ६ | |
| ९ | श्री खिम बहादुर बयक क्षेत्री | वडा अध्यक्ष वडा नं. ७ | |
| १० | श्री दिपक कुमार थापा | वडा अध्यक्ष वडा नं. ८ | |
| ११ | श्री पूर्ण प्रसाद घिमिरे | वडा अध्यक्ष वडा नं. ९ | |
| १२ | श्री हरी प्रसाद ढकाल | वडा अध्यक्ष वडा नं. १० | |
| १३ | श्री धन बहादुर माझी | वडा अध्यक्ष वडा नं. ११ | |
| १४ | श्री चन्द्रा आलेमगर | कार्यपालिका सदस्य | |
| १५ | श्री भावना रावल | कार्यपालिका सदस्य | |
| १६ | श्री अनिता वि.क. | कार्यपालिका सदस्य | |
| १७ | श्री कोपिला नेपाली | कार्यपालिका सदस्य | |
| १८ | श्री कमला सुवेदी | कार्यपालिका सदस्य | |
| १९ | श्री गोर्खे कामी | कार्यपालिका सदस्य | |
| २० | श्री देवेन्दबहादुर राजी | कार्यपालिका सदस्य | |
| २१ | श्री भगे कामी | कार्यपालिका सदस्य | |
| २२ | श्री लाल बहादुर सुवेदी | नि.प्र.प्र.अ./सदस्य सचिव | |

मिति २०८२/०९/०७ गतेको आ.व. २०८२/०८३ को कार्यपालिकाको ८ औं बैठक

प्रस्तावहरु:

१. अघिल्लो कार्यपालिकाको बैठकका निर्णय समीक्षा सम्बन्धमा ।

२. वडा न ५ स्थित हाटबजारको सार्वजनिक शौचालय जिर्णोर्दार र सरसफाइ सम्बन्धमा ।

३. पञ्चपुरी नगरपालिकाको भवन वरिपरी को पर्खाल तथा गेटको निर्माणका लागी नगरपालिकाको जग्गा स्वामित्व सम्बन्धमा ।

४. नेपाल नगरपालिका संघमा आवद्ध भएपश्चात यस पञ्चपुरी नगरपालिकाबाट व्यहोर्नुपर्ने वार्षिक सदस्यता शुल्क सम्बन्धमा ।

५. **पूर्वाधार विकास निर्देशनालय कर्णाली प्रदेशबाट कार्यान्वयन हुने जनता आवास कार्यक्रमको लागि पञ्चपुरी नगरपालिकाबाट लाभग्राही छनौट सम्बन्धमा ।**

६. **शैक्षीक कार्यक्रममा सम्मिलित हुनेका लागि पूर्वस्वीकृती सम्बन्धमा ।**

निर्णयहरु:

**निर्णय नं. १ अघिल्लो कार्यपालिकाको बैठकका निर्णयहरु समीक्षा गर्ने सम्बन्धमा** : यस प्रस्ताव सम्बन्धमा छलफल गर्दा ०८२।०८३ को ७ औं बैठक अघिल्लो कार्यपालिकाको बैठकमा भएका विविध निर्णय कार्यान्वयनको सम्बन्धमा समीक्षा गर्ने निर्णय गरियो ।

**निर्णय नं. २** : बाबियाचौर हाटबजार नजिकै रहेको सार्वजनिक शौचालय लामो समयसम्म पुनःनिर्माण नहुदा जिर्णोद्दार गर्नुपर्ने र सरसफाइ व्यवस्थापन गरी पुनः सुचारुमा ल्याउनुपर्ने भएकोले प्राविधिक लागत अनुमान अनुसार यसको मर्मत र सरसफाई गरी पुनःसूचारु गर्ने प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

**निर्णय नं. ३**: पञ्चपुरी नगरपालिकाको मुख्य प्रशासकीय भवनको भौतिक संरचनालाई सुरक्षित गर्न र कार्यालय वरिपरिको अन्य भौतिक संरचनालाई व्यवस्थित र कार्यवातावरणलाई सुरक्षित गराउन कार्यालय वरिपरी पर्खाल निर्माण गर्नुपर्ने भएकोले जग्गा छुट्याइदिनको लागि जिल्ला समन्वय समिति, सुर्खेतलाई अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४** : नेपाल नगरपालिका संघमा आवद्ध भएपछि यस पञ्चपुरी नगरपालिकाबाट भुक्तानी गर्नुपर्ने आ.व. २०८१।०८२ को बक्यौता र २०७९ पौष ४ र ६ गते काठमाण्डौंमा सम्पन्न नेपाल नगरपालिका आठौं अधिवेशनले पारित गरे अनुसार निर्धारण गरे बमोजिम आ.व.२०८२।०८३ सम्मको सदस्यता शुल्क भुक्तानीको लागि नगरपालिका संघको मिति: २०८२।०५।१६ गतेको पत्राअनुसार माग अनुरोध भइ आएको हुदा हाललाई रु १००,०००। (अक्षरुपी एक लाख) उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ५**: कर्णाली प्रदेश जनता आवास कार्यक्रम कार्यान्वयन कार्यविधि २०७५ को दफा ४ तथा विपन्न घर कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७८ को दफा ५ को आधारमा लाभग्राही छनौटको लागि पुर्वाधार विकास निर्देशनालय कर्णाली प्रदेश सुर्खेतमा मिति २०८२ पौष २ गते कर्णाली प्रदेश सभा सदस्य माननीय विन्दमान विष्टज्यूको संयोजकत्वमा बसेको बैठकको निर्णय नं. ३ बमोजिम तथ्यांकहरुको माग भइआएको हुदा सो बमोजिम हुने गरी यस पञ्चपुरी नगरपालिकाको १ देखि ११ वडाबाट सिफारिस भइ आएका तपसिलको जनता आवास कार्यक्रम कार्यक्रम र विपन्न घर निर्माण कार्यक्रममा छनौट भएका लाभग्राहीहरुको विवरण समर्थन गरी पूर्वाधार विकास निर्देशनालय सुर्खेतमा पठाउने निर्णय गरियो ।

CamScanner

तपसिल :

| क.सं. | जनता आवास कार्यक्रममा छनौट भएका व्यक्तिहरुको नाम, थर | वडा नं. | विपन्नको घर निर्माण कार्यक्रममा छनौट भएका व्यक्तिहरुको नाम, थर | वडा नं. |
|---|---|---|---|---|
| १ | श्री चन्द्र बहादुर बुढा | ०१ | श्री कल्पना रोकाय | ०३ |
| २ | श्री कमला नेपाली | ०२ | श्री मान बहादुर उखेडा | ०४ |
| ३ | श्री इन्द्र बहादुर बुढा | ०३ | श्री भद्रा वि.क. | ०५ |
| ४ | श्री चन्द्रा वि.क. | ०४ | श्री हस्त बहादुर लामिछाने | ०६ |
| ५ | श्री पुस्पा शाही | ०५ | श्री मनिराम वि.क. | ०८ |
| ६ | श्री मंगला सार्की | ०६ | श्री कमला बराली | ०९ |
| ७ | श्री अम्मर दमाई | ०७ | श्री विनोद नेपाली | १० |
| ८ | श्री अम्मर बहादुर कामी | ०८ | श्री मन बहादुर जोसी | ११ |
| ९ | श्री शान्ती चुहान | ०९ | | |
| १० | श्री तुलसी कामी | १० | | |
| ११ | श्री सुनिता देवी जैसी | ११ | | |

**निर्णय नं. ६:** यस पञ्चपुरी नगरपालिका अन्तर्गत रहेको विधापुर स्वास्थ्य चौकी वडा नं. ९ मा कार्यरत सि.अ.हे.व.(पाचौं) श्री भुवन सापकोटा ले चिकित्सा शिक्षा आयोगको स्नातकोत्तर तह (MECEE-PG 2026) को शैक्षिक कार्यक्रममा भर्नाको लागि मिति २०८२।०८।१८ गते प्रकाशित सुचना अनुसार सम्मिलित हुनको लागि पूर्व स्वीकृतीको लागि निवेदन दिनु भएकोमा निवेदन उपर कार्वाही गरी अध्ययन पूर्वस्वीकृती दिने निर्णय गरियो ।

लालबिर भण्डारी
नगर प्रमुख

CamScanner